सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २२३ ♦ २०८३ साल वैशाख ६ आइतवार ♦ 19 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सि.ए. प्रमोद कुमार साह
अध्यक्ष
नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

## महोत्तरीमा गुडिरहेको टेम्पोमाथि रूख ढल्दा दुईको मृत्यु, तीन घाइते



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**वैशाख ५ गते, महोत्तरी**

जलेश्वरबाट जनकपुरतर्फ जाँदै गरेको ज १ घ ४८५० नम्बर को टेम्पोमाथि शनिबार साँझ अचानक रूख ढल्दा दुई जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

जलेश्वर नगरपालिका-९ स्थित परिकौली ब्यारेक नजिकै गुडि रहेको टेम्पोमाथि सपेता (मसला) को रूख ढल्दा सवार पाँच जनामध्ये दुई जनाको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार का क्रममा मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार मृत्यु हुनेमा जनकपुरधाम उपमहानगर पालिका-२०, देवपुरा रूपैठा बस्ने ४१ वर्षीया शकुन्तला देवी पण्डित र महोत्तरीको एकडारा गाउँपालिका-३ बस्ने ३३ वर्षीय राहुल मलिक रहेका छन् ।

शनिबार साँझ चलेको हावाहुरीका कारण रूख ढलेर टेम्पोलाई किच्दा चालक जलेश्वर नगरपालिका-११ बस्ने ५२ वर्षीय हरेन्द्र ठाकुर गम्भीर घाइते हुनुभएको छ । उहाँलाई थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टले जानकारी दिनुभयो ।

दुर्घटनामा मृतक शकुन्तलाकी १४ वर्षीया छोरी रिया पण्डित, महोत्तरीको एकडारा बस्ने ४३ वर्षीया फेकनी देवी र जनकपुर उपमहानगरपालिका-१२ बस्ने १६ वर्षीय धीरज मण्डल घाइते भएका छन् । उनीहरूलाई प्रादेशिक अस्पताल जलेश्वरमा प्राथमिक उपचारपश्चात् थप उपचारका लागि जनकपुर पठाइएको प्रहरीले जनाएको छ ।

जलेश्वर-जनकपुर सडकखण्डको किनारमा रहेको जीर्ण रूख अचानक ढल्दा गुडिरहेको टेम्पो पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । घटनालगत्तै स्थानीयवासी, नेपाल प्रहरी र नेपाली सेनाको टोलीले संयुक्त रूपमा उद्धार गरेका थिए । दुवै मृतकको शव हाल प्रादेशिक अस्पताल जलेश्वर मा राखिएको छ ।

स्थानीयले सडक छेउका जोखिमपूर्ण रूखहरूको समयमै व्यवस्थापन नगर्दा यस्ता दुखद घटना दोहोरिने गरेको भन्दै आक्रोश व्यक्त गरेका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

## मधेस प्रदेश : नौ महिनामा कुल विनियोजित बजेटको मात्र १४.९४ प्रतिशत मात्र खर्च

**खबर दर्पण समाचारदाता**
**वैशाख ५ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा कुल विनियोजित बजेटको मात्र १४.९४ प्रतिशत खर्च गर्न सकेको छ। खर्चको संरचना समेत कमजोर देखिएको छ–चालुतर्फ २६.२३ प्रतिशत खर्च भएको भए पनि पुँजीगततर्फ भने जम्मा ९.०४ प्रतिशत मात्र खर्च भएको छ। यस अवस्थाले विकास निर्माणका कार्यक्रमहरू अपेक्षित गतिमा अघि बढ्न नसकेको स्पष्ट संकेत गरेको छ।

प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेट ल्याएको थियो। यसमध्ये चालुतर्फ १६ अर्ब ७२ करोड ५ लाख १७ हजार (३५.८९ प्रतिशत) र पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख ३४ हजार (६४.११ प्रतिशत) विनियोजन गरिएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चैत मसान्तसम्म प्रदेश सरकारले जम्मा ७ अर्ब १ करोड ७२ लाख रुपैयाँ मात्र खर्च गर्न सकेको छ, जुन समग्र बजेटको तुलनामा अत्यन्त न्यून हो। विशेषगरी पुँजीगत खर्च न्यून रहनुले पूर्वाधार तथा विकास आयोजनाहरू कार्यान्वयनमा ढिलाइ भएको देखिएको छ।

यता, आम्दानीतर्फ भने प्रदेश सरकार सन्तोषजनक अवस्थामा देखिएको छ। सोही अवधिमा २० अर्बभन्दा बढी राजस्व संकलन भएको तथ्यांकले देखाएको छ। चैत मसान्तसम्म प्रदेशले कुल २० अर्ब १८ करोड ४९ लाख २५ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। तर, खर्च भने जम्मा ७ अर्ब १ करोड ७२ लाख ६६ हजार रुपैयाँ मात्रै भएको छ, जुन आम्दानीभन्दा करिब १३ अर्ब रुपैयाँले कम हो।

प्रदेश सरकारले घाटा बजेट ल्याए पनि व्यवहारमा भने खर्च गर्न नसक्दा सरकारी कोषमा रकम थुप्रिने अवस्था देखिएको छ।

आम्दानी संरचना विश्लेषण गर्दा संघीय अनुदानको हिस्सा उच्च देखिएको छ। कुल आम्दानीमध्ये ८ अर्बभन्दा बढी रकम संघीय सर कारबाट प्राप्त समानिकरण तथा सशर्त अनुदानमार्फत आएको हो। समानिकरण अनुदानतर्फ ५ अर्ब ४३ करोड ८५ लाख रुपैयाँ प्राप्त भएको छ भने सशर्त अनुदान (चालु) तर्फ १ अर्ब ६१ करोड ८० लाख र सशर्त अनुदान (पुँजीगत) तर्फ १ अर्ब २४ करोड १५ लाख रुपैयाँ प्राप्त भएको छ।

त्यस्तै, बाँडफाँडबाट प्राप्त हुने कर हरू पनि प्रदेशको प्रमुख आम्दानी स्रोतका रूपमा रहेका छन्। मूल्य अभिवृद्धि कर (ख्व्त) बाट ६ अर्ब ३ करोड ७३ लाख रुपैयाँ र अन्तःशुल्कबाट २ अर्ब १२ करोड २७ लाख रुपैयाँ संकलन भएको छ। सवारीसाधन करबाट १ अर्ब ६७ करोड ३६ लाख रुपैयाँ तथा चालक अनुमति पत्र र सवारी दर्ता दस्तुरबाट ५३ करोड ५० लाख रुपैयाँ राजस्व उठेको छ।

वन रोयल्टी, दहत्तर-बहत्तर बिक्री तथा परीक्षा शुल्कजस्ता शीर्षकहरूबाट पनि उल्लेख्य आम्दानी भएको छ। वन रोयल्टीबाट ३ करोडभन्दा बढी, दहत्तर-बहत्तर बिक्रीबाट ६ करोडभन्दा बढी र परीक्षा शुल्कबाट ७ करोडभन्दा बढी र कम संकलन भएको तथ्यांकले देखाउँछ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी निरेन्द्रलाल कर्ण का अनुसार फागुन मसान्तसम्म १६ अर्ब २ करोड रुपैयाँ राजस्व संकलन भएकोमा फागुन महिनामै ४ अर्ब १५ करोड रुपैयाँभन्दा बढी आम्दानी भएको थियो।

विज्ञहरूका अनुसार योजनाको ढिलो तयारी, ठेक्का प्रक्रियामा जटिलता, प्रशासनिक ढिलासुस्ती तथा निकायबीच समन्वय अभावका कारण बजेट खर्चमा सुस्तता आएको हो। यसले विकास निर्माणका कार्यक्रमहरू समयमै अघि बढ्न नसकेको देखिन्छ।

यदि यही अवस्था कायम रहे आर्थिक वर्षको अन्त्यमा हतारमा बजेट खर्च गर्ने 'असारे विकास' को प्रवृत्ति दोहोरिने र खर्चको गुणस्तरमा समेत असर पर्ने जोखिम रहेको बताइएको छ। यस परि स्थितिमा प्रदेश सरकारले बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउँदै योजनाको समयमै तयारी, पारदर्शी ठेक्का प्रक्रिया र सुदृढ अनुगमन प्रणाली विकास गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष साप्ताहिक खबरपत्रिका | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz परिवर्तनकालागि

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# ग्यास अभाव र मुल्य अत्यधिक वृद्धि भएपछि विद्युतीय चुल्होको माग उच्च

**खबर दर्पण समाचारदाता**
**वैशाख ५ गते, बर्दिवास**

खाडी क्षेत्रमा चर्किँदै गएको युद्धका कारण खाना पकाउने एलपी ग्यासको आपूर्ति प्रभावित भएपछि बर्दीबासका उपभोक्ताहरू विद्युतीय चुल्होतर्फ आकर्षित हुन थालेका छन्। ग्यास अभावसँगै मूल्यसमेत बढ्दै गएपछि बजारमा विद्युतीय चुल्होको माग उल्लेख्य रूपमा वृद्धि भएको व्यापारीहरूले बताएका छन्।

ग्यास अभाव र मूल्य वृद्धिका कारण विद्युतीय चुल्होको प्रयोग तीव्र रूपमा बढे पनि यसको दीगो प्रयोगका लागि नियमित विद्युत् आपूर्ति आवश्यक रहेको उपभोक्ताहरूले औंल्याएका छन्।

स्थानीय व्यापारीका अनुसार खाडी युद्ध चर्कनुअघि महिनामा मुस्किलले ७-८ वटा मात्र बिक्री हुने विद्युतीय चुल्हो अहिले दुई सयभन्दा बढी बिक्री हुन थालेको छ। गृहिणीहरू समेत यसको प्रयोगतर्फ आकर्षित भएसँगै बजारमा कारोबार ह्वात्तै बढेको हो।

बर्दीबासमा रोहण इन्टरप्राइजेज, प्रिन्स भाँडा पसल, श्रेष्ठ इलेक्ट्रोनिक्स, बलस्टर इलेक्ट्रोनिक्सलगायत आधा दर्जनभन्दा बढी पसलले विद्युतीय चुल्होको कारोबार गर्दै आएका छन्।

रोहण इन्टरप्राइजेजका सञ्चालक रोशन श्रेष्ठका अनुसार ग्यास अभाव बढेपछि चैत महिनामा मात्र ६० वटा चुल्हो बिक्री भएको छ। "यसअघि महिनामा २-३ वटा मात्रै बिक्री हुने गर्थ्यो, अहिले माग धान्नै सकिएको छैन," उहाँले भन्नुभयो।

विद्युतीय चुल्होको सबैभन्दा बढी कारोबार गर्ने प्रिन्स भाँडा पसलका म्यानेजर सन्तोष सुवेदीका अनुसार अहिले माग अनुसार आपूर्ति गर्न सकिएको छैन। चैत महिनामा मात्र ४२ थान (७ कार्टुन) भन्दा बढी विद्युतीय चुल्हो बिक्री भएको उहाँले बताउनुभयो।

उहाँका अनुसार पहिले महिनामा ५-७ थान पनि बिक्री नहुने चुल्हो अहिले डिलरले समेत आपूर्ति गर्न नसकेको अवस्था छ। "काठमाडौँको डिलरसँग ५ कार्टुन (३० थान) मग गरेको




थिएँ, एक साता बितिसक्यो अझै आएको छैन," उहाँले भन्नुभयो।

हाल बजारमा इन्डक्सन र इन्फ्रारेड गरी दुई प्रकारका विद्युतीय चुल्हो उपलब्ध छन्। जुनसुकै भाँडा प्रयोग गर्न मिल्ने भएकाले करिब ७० प्रतिशत उपभोक्ताको रोजाइमा इन्फ्रारेड चुल्हो परेको बिक्रेताहरू बताउँछन्। तर माग अनुसार आपूर्ति नहुँदा कतिपय ग्राहक खाली हात फर्किन बाध्य छन्।

बर्दीबास-१ की समीक्षा पौडेलले ग्यासको तुलनामा विद्युतीय चुल्हो सुरक्षित, सहज र ढुवानीको झन्झट नभएकाले प्रयोग गर्न थालेको बताउनुभयो। "इन्फ्रारेड चुल्हो ल्याएदेखि सिलिन्डर चुल्हो थन्काइसकेकी छु," उहाँले भन्नुभयो।

यता बर्दीबास ग्यास सङ्का अध्यक्ष सरोज श्रेष्ठका अनुसार पछिल्लो समय ग्यासको आपूर्ति उल्लेख्य रूपमा घटेको छ। पहिले दैनिक ३०० सिलिन्डर खपत हुने बर्दीबासमा अहिले यो सङ्ख्या करिब ८० मा सीमित भएको छ।

"होटल व्यवसायीलाई छोड्ने हो भने सर्वसाधारण ग्राहक आधा सिलिन्डर लिन पनि मान्दैनन्, त्यसैले पनि विद्युतीय चुल्होको प्रयोग बढ्दै गएको हुन सक्छ," उहाँले भन्नुभयो।

यद्यपि, विद्युतीय चुल्होको प्रयोग बढे पनि अनियमित विद्युत् आपूर्ति उपभोक्ताका लागि समस्या बनेको छ। बर्दीबास-३ की सुमित्रा देवीले भन्नुभयो, "विद्युतीय चुल्हो सजिलो र सस्तो लाग्यो, तर बत्ती बारम्बार जाने हुँदा समस्या हुन्छ। नियमित बिजुली भए ग्यासको आवश्यकता नै पर्दैनथ्यो।"

# पूर्व शान्ति राज्यमन्त्री दीप नारायण साहको निधन

**खबर दर्पण समाचारदाता**
**वैशाख ५ गते, बर्दिवास**



महोत्तरीको सम्सी निवासी तथा नेपाल सरकारका पूर्व पूर्व र ाज्यमन्त्री (शान्ति तथा पुनर्निर्माण मन्त्रालय ) दीपनार ायण साह को आज ७७ वर्षको उमेरमा निधन भएको छ।

उहाँ मधेश क्षेत्रका सक्रिय तथा ऊर्जावान राजनीतिकर्मीका रूपमा परिचित हुनुहुन्थ्यो। लामो समयदेखि नेकपा एमाले पार्टीबाट राजनीतिमा क्रियाशील रहँदै उहाँले स्थानीयदेखि राष्ट्रिय तहसम्म महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। विशेषगरी शान्ति प्रक्रिया तथा समावेशी राजनीतिमा उहाँको योगदान उल्लेखनीय मानिन्छ।

उहाँको निधनप्रति राजनीतिक दलका नेता, कार्यकर्ता तथा स्थानीयवासीहरूले दुःख व्यक्त गरेका छन्। उहाँको निधनले मधेशको राजनीतिक क्षेत्रमा अपूरणीय क्षति पुगेको भन्दै श्रद्धाञ्जली अर्पण गरिएको छ।

परिवार स्रोतका अनुसार उहाँको अन्त्येष्टि कार्यक्रम सम्बन्धित स्थानमै गरिने तयारी भइरहेको छ।

## व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं ।

**जनकपुरधाम उपमहानगरपालिका**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सीमावर्ती क्षेत्रका बासिन्दाको जनजीवन सहज बनाउन माग

**खबर दर्पण समाचारदाता**

**वैशाख ५ गते, बर्दिवास**

नेपाल सरकारको पछिल्लो भन्सार नीतिका कारण सीमा क्षेत्रमा देखिएको तनाव व्यवस्थापन तथा भन्सार नीति सुधारका लागि नेपाल-भारत खुला सीमा सम्वाद समूहले सरकारसँग आग्रह गरेको छ। समूहका प्रवक्ता प्रमोद कुमार साहले प्रेस विज्ञप्ति जारी गरी नेपाल र भारतबीचको सदियौंदेखिको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई दृष्टिगत गर्दै सरकारको पछिल्लो भन्सार नीतितर्फ गम्भीर ध्यानाकर्षण गराएका छन्।

सीमावर्ती क्षेत्रका बासिन्दाहरूको जनजीवन सहज बनाउन र जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउन निम्न बुँदाहरू समेटेर तत्काल नीतिगत सुधार गर्न उनले जोडदार माग गरेका हुन्।हाल सरकारले सीमा नाकाबाट १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने जुन व्यवस्था गरेको छ, त्यसले सीमावर्ती क्षेत्रका न्यून आय भएका आम उपभोक्तालाई चरम सास्ती दिएको छ। यो व्यवहारिक नभएकाले यसलाई तत्काल हटाई घरायसी प्रयोजनका सामग्रीमा शून्य भन्सारको व्यवस्था गर्न उनले माग गरेका छन्।

यसैगरी, सम्वाद समूहले नेपाल र भारतका सीमावर्ती शहरहरू तथा प्रमुख धार्मिक स्थलहरूमा दर्शन र भ्रमणका लागि आउने श्रद्धालुहरूका लागि ४८ घण्टासम्मको भन्सार फ्री सुविधा उपलब्ध गराउन माग गर्दै यसले धार्मिक पर्यटन र जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउने जनाएको छ।'हामी सामान्य नागरिक र घरायसी प्रयोजनका सामान ल्याउनेलाई दिइने सास्तीको विरोध गर्दछौं, तर व्यावसायिक रूपमा हुने तस्करी (Smuggling) लाई पूर्ण रूपमा रोक्न सीमामा कठोर सुरक्षा र कानुनी कारबाहीको व्यवस्था गर्न सरकारसँग माग गर्दछौं। वास्तविक उपभोक्ता र तस्करबीचको भिन्नता छुट्याई संयमित प्रशासनको खाँचो छ,' विज्ञप्तिमा भनिएको छ।

सीमा क्षेत्रका बासिन्दाहरूको सहज पहुँचका लागि सीमा क्षेत्रमै सस्तो मूल्यको व्यवस्थित बजारको व्यवस्थापन गरिनुपर्ने माग गर्दै आम जनताको भान्सासँग जोडिएका अत्यावश्यक खाद्यान्न सामग्रीमा पूर्ण भन्सार छुट प्रदान गरी महँगीबाट राहत दिन सम्वाद समूहले अनुरोध गरेको छ।सीमा क्षेत्रको संवेदनशीलता र यहाँका नागरिकको जीवनस्तरलाई बुझेर सरकारले अविलम्ब यी मागहरू सम्बोधन नगरेमा संवाद समूह थप दबाबमूलक कार्यक्रमहरू सार्वजनिक गर्न बाध्य हुने चेतावनी दिएको छ।


आयुर्वेद हाम्रो परम्परागत चिकित्सा प्रणाली हो जसले प्राकृतिक तरिकाले स्वास्थ्य जोगाउन र रोगबाट बच्न मद्दत गर्छ । यो एक प्राचीन अभ्यास हो। यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ।

आयुर्वेदका मुख्य सिद्धान्त

शरीर तीन दोष (वात, पित्त, कफ) बाट बनेको हुन्छ
यी दोषहरूको सन्तुलन बिग्रिँदा रोग लाग्छ
प्राकृतिक औषधि र जीवनशैली सुधारबाट उपचार सम्भव हुन्छ

आयुर्वेदका फाइदाहरू

प्राकृतिक र साइड इफेक्ट कम हुने उपचार
रोग लाग्नुभन्दा पहिले नै रोकथाममा सहयोग
पाचन प्रणाली सुधार
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
आफैंले औषधि प्रयोग नगर्नुहोस्, विशेषज्ञको सल्लाह लिनुहोस्
जडीबुटीको सही मात्रा र प्रयोग विधि जान्नु आवश्यक छ
स्वच्छता र सन्तुलित आहार अत्यन्त महत्वपूर्ण छन्
आधुनिक चिकित्सा र आयुर्वेद दुवैको सन्तुलित प्रयोग गर्नु राम्रो हुन्छ
"प्रकृतिसँग नजिक रहौं, आयुर्वेद अपनाऔं, स्वस्थ जीवन बिताऔं।"

अनुरोधकर्ता :

जनकपुरधाम उपमहानगरपालिका

धनुषा , जनकपुरधाम

मधेश प्रदेश


# परम्परागत 'गुनासो पेटिका' ....




कर्णकाअनुसार सेवाग्राहीले समस्या परे सिधै कार्यालय प्रमुखसमक्ष पुग्ने गरेका छन्। साथै, सामाजिक सञ्जालमार्फत गुनासो सार्वजनिक गर्ने प्रवृत्ति समेत बढ्दै गएको उहाँले उल्लेख गर्नुभयो।

सरकारी कार्यालयहरूले नागरिक बडापत्र, सेवा प्रवाहसम्बन्धी विवरण तथा अन्य सूचनाहरू समेत वेबसाइटमार्फत सार्वजनिक गर्ने गरेका छन्। यसले गर्दा सेवाग्राहीले प्रत्यक्ष भेटघाट, फोन वा डिजिटल माध्यमबाट गुनासो राख्ने अभ्यास बढेको देखिन्छ।

सूचनाको हकका क्षेत्रमा क्रियाशील धर्वेन्द्रकुमार यादवले गुनासो पेटिका राम्रो व्यवस्था भए पनि यसको प्रभावकारिताबारे पर्याप्त जानकारी नदिँदा प्रयोग घटेको बताउनुभयो। उहाँकाअनुसार कार्यालयहरूले पेटिकाको नियमित प्रयोग तथा व्यवस्थापनमा ध्यान नदिँदा यसको महत्व क्रमशः कम हुँदै गएको छ।

यद्यपि, सूचना प्रविधिको विस्तार सँगै सेवाग्राहीले अनलाइन माध्यममार्फत गुनासो तथा सुझाव राख्ने अभ्यास बढ्दै गएको छ। यसले पारदर्शिता र पहुँचलाई सहज बनाएको भए पनि परम्परागत गुनासो पेटिका भने विस्तारै इतिहास बन्दै जाने संकेत देखिएको छ।-गोरखा पत्र








शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# परम्परागत 'गुनासो पेटिका' प्रयोगविहीन, सूचना प्रविधिमार्फत उजुरी लिने व्यवस्था विस्तार हुँदै

अजयकुमार साह

**वैशाख ५ गते, बर्दिवास**

सरकारी कार्यालयहरूमा सेवाग्राहीका गुनासा, सुझाव तथा उजुरी संकलन गर्न राखिएका 'गुनासो पेटिका' पछिल्लो समय प्रयोगविहीन बन्दै गएका छन्।

सङ्घ, प्रदेश तथा स्थानीय तहका अधिकांश कार्यालयमा राखिएका यस्ता पेटिका प्रायः रित्तै रहने गरेका छन् भने कतिपय कार्यालयमा लामो समयदेखि नखोलिएको अवस्था समेत देखिएको छ।

केही वर्षअघिसम्म गुनासो पेटिकामा सेवाग्राहीका उजुरी तथा सुझावहरू संकलन हुने गरे पनि अहिले पेटिका खोल्दा प्रायः खाली नै पाइने गरेको सम्बन्धित कार्यालयहरूले जनाएका छन्। कतिपय स्थानमा त पेटिका खोल्ने प्रचलन नै हराउँदै गएको छ भने केही पेटिकामा माकुराको जालो र बारुलाको घार समेत बनेको पाइन्छ।

महोत्तरीको गौशाला नगर पालिकाका नगर प्रमुख डा। दिपेन्द्र महतो ले आफू निर्वाचित भएको करिब चार वर्षको अवधिमा गुनासो पेटिकामा एउटा पनि उजुरी नपरेको बताउनुभयो।

उहाँकाअनुसार सेवाग्राहीले चित्त नबुझेका विषय प्रत्यक्ष रूपमा जनप्रतिनिधि, सूचना अधिकारी वा कार्यालय प्रमुखसमक्ष राख्ने प्रवृत्ति बढेकाले पेटिकाको प्रयोग घटेको हुनसक्छ।

यस्तै, औरही नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार खड्का ले दैनिक रूपमा सेवाग्राहीसँग प्रत्यक्ष भेटघाट हुने र गुनासा सिधै प्रस्तुत गरिने भएकाले पेटिकामा उजुरी नआएको बताउनुभयो। "सेवाग्राहीले आफ्ना समस्या र गुनासा प्रत्यक्ष रूपमा जनप्रतिनिधि तथा कर्मचारीसमक्ष राख्ने चलन बढेको छ," उहाँले भन्नुभयो।

जिल्ला प्रशासन कार्यालयजस्तो बढी सेवाग्राही चाप हुने निकायमा समेत गुनासो पेटिका







प्रभावकारी रूपमा प्रयोग हुन सकेको छैन। महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवकाअनुसार सेवाग्राहीले गुनासो भए सिधै कार्यालयमा उपस्थित भई वा सम्बन्धित अधिकारीसँग सम्पर्क गर्ने भएकाले पेटिकाको प्रयोग घटेको हो।

सूचना प्रविधिको तीव्र विकाससँगै गुनासो दर्ता गर्ने शैलीमा समेत परिवर्तन आएको छ। वर्दिवास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीकाअनुसार अहिले अधिकांश सरकारी कार्यालयहरूले आफ्ना वेबसाइटमार्फत नै गुनासो तथा उजुरी दर्ता गर्ने व्यवस्था मिलाएका छन्।

"सेवाग्राहीलाई सहजताका लागि अनलाइन प्रणाली विकास गरिएकाले परम्परागत गुनासो पेटिका प्रयोगविहीन बन्न पुगेका छन्," उहाँले बताउनुभयो।

जिल्लामा बढी सेवाग्राही आउने मालपोत तथा भूमिसुधार कार्यालयमासमेत गुनासो पेटिका खाली नै रहने गरेको छ। मालपोत तथा भूमिसुधार कार्यालय जलेश्वरका सूचना अधिकारी अजयकुमार

बाँकी पृष्ठ ३ मा

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।
मटिहानी नगरपालिका, महोत्तरी

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।
औरही नगरपालिका, महोत्तरी

योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

योगका फाइदाहरू
शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
निद्रा सुधार गर्छ
ध्यान केन्द्रित गर्न सहयोग गर्छ

ध्यान दिनुपर्ने कुराहरू
खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :
जनकपुरधाम उपमहानगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल
➢ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➢ ICU, NICU, PICU सेवा
➢ X-Ray, USG, CT Scan सेवा
➢ Endoscopy/Diode Laser सेवा
➢ Laproscopy सेवा
➢ क्याबिनको समेत व्यवस्था भएको
➢ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➢ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,